म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २२५ मंगलबार १३ चैत २०८० ने. सं. ११४४ चिल्लागा 26 March 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## खाजाघरबाट लागूऔषध सहित दुईजना पक्राउ

हेटौंडा, १२ चैत/हेटौंडा उपमहानगरपालिका-१०, दिलखुश खाजाघरबाट लागुऔषध अफिमसहित २ जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा थाहा नगरपालिका-८ बस्ने वर्ष ५४ का तेजबहादुर थिङ र थाहानगर-११ घर भई हाल हेटौंडा उपमहानगरपालिका-२ मा डेरा गरी बस्ने वर्ष ४३ का शरण लामा रहेका छन् । विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय पशुपतिनगर मकवानपुर र लागुऔषध नियन्त्रण ब्यूरो कार्यालय पर्साबाट खटिएको टोलीले शनिबार दिउँसो ३ बजेको समयमा पक्राउ गरेको हो ।

उनीहरुले बोकेको झोलामा चेकजाँच गर्दा २ किलो लागुऔषध फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । दुबै जनालाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको बताइएको छ ।

# हेटौंडामा बालमैत्री घोषणा आगामी वर्ष मात्रै

साझाकुरा संवाददाता

हेटौंडा, १२ चैत/हेटौंडा उपमहानगरलाई बालमैत्री पालिका घोषणा आगामी वर्षमा मात्रै हुने भएको छ । २०८० मंसिर मसान्तभित्रै हेटौंडालाई बालमैत्री घोषणा गर्ने तयारी गरेको उपमहानगरले बालमैत्री घोषणाका लागि पुरा गर्नुपर्ने कार्यसम्बन्धी ५१ वटा सूचक पूरा नहुँदा आगामी वर्ष मात्रै हुने भएको हो ।




हालसम्म उपमहानगरमा तीनवटा विद्यालय मात्रै बालमैत्री घोषणा भएका छन् । २२ फागुनमा हेटौंडा उपमहानगर-८ कमानेमा रहेको चन्द्रोदय मावि र हेटौंडा-१६ मा रहेको जनप्रिय प्राविधिक मावि तथा संस्थागततर्फ हेटौंडा-२ मा रहेको बालजागृति इङ्लिस सेकेन्डरी स्कुल बालमैत्री घोषणा भएका हुन् । हेटौंडा उपमहानगरका प्रवक्ता सविन न्यौपानेले यही आर्थिक वर्षमा हेटौंडालाई बालमैत्री घोषणा गर्न सम्भव नभएको बताए । हालसम्म सबै सूचक पूरा नहुँदा २०८० सालभित्रै घोषणा नहुने उनको भनाई छ ।

उपमहानगरले घोषणा लागि मात्रै सीमित गर्न नभई सम्पूर्ण सूचक पूरा गरेर दिगो हुने हिसाबले अगाडि बढेको प्रवक्ता न्यौपाने बताउँछन् । 'उपमहानगरलाई २०८० मंसिरभित्रै बालमैत्री घोषणा गर्ने तयारी गरेका थियौं । तर, आवश्यक सूचक हालसम्म पूरा नहुँदा आगामी वर्षमा मात्रै घोषणा हुने सम्भावना देखिएको छ' । उनले भने,-'हामीले घोषणा लागि घोषणामात्रै गर्ने नभई परिपक्क र दिगो तरिकाले घोषणा गर्ने तयारी गरेका छौं । त्यसकारण ढिलाई हुने भएको हो ।,' त्यसका लागि हाल उपमहानगरका १९ वटै वडामा विभिन्न अभियान सञ्चालन भइरहेको प्रवक्ता न्यौपानेको भनाई छ ।

सुरुमा उपमहानगरका सबै वडालाई बालमैत्री घोषणा गरेपछि मात्रै उपमहानगरलाई बालमैत्री घोषणा गर्ने तयारी छ । हेटौंडा उपमहानगरकी महिला तथा बालबालिका महाशाखाप्रमुख विष्णुकुमारी लामिछानेले एक वर्षभित्रै उपमहागरले ५१ वटै सूचक पूरा गरेर अगाडि बढ्न सक्छौं भने लक्ष्य निर्धारण गरेर काम गर्दै जाँदा बजार क्षेत्रमा भएका समस्याहरु समाधान गर्न सकेपनि दुर्गम भेगमा रहेका बालबालिकाका समस्यालाई सम्बोधन गर्नका लागि एक वर्ष काफी नभएको बताइन् ।

उनले समाजमा सकरात्मक प्रभाव पार्नेगरी बालबालिकाको क्षेत्रमा सबैलाई संम्बेदनशील बनाउनेगरी अभियानमा लागेको बताइन् । उपमहानगरपालिकाले बालमैत्री अभियान सञ्चालन गरिरहँदा विभिन्न संरचनागत तवरले अगाडि बढिरहेको बताइन् । उपमहानगरमा बालमैत्री स्थानीय शासनसँग सम्बन्धित नगरप्रमुख मीनाकुमारी लामाको संयोजकत्वमा कार्यपालिका सदस्यहरु र सरोकारवाला रहनेगरी नगरसमिति गठन गरेर काम गरिरहेको बताउँदै यसका कामकारबाही सहजीकरण गर्नका लागि प्रमुख प्रशाकीय अधिकृत रामबाबु पुरीको संयोजकत्वमा कार्यान्वयन सहजीकरण समिति गठन गरिएको जानकारी दिइन् ।

बालअधिकार समिति पनि क्रियाशील भएर काम गरिरहेको भन्दै लामिछानेले प्रत्येक वडामा बालमैत्री स्थानीय शासन वडासमिति र वडा बालअधिकार समिति पनि क्रियाशील भएर काम गरिरहेको बताइन् । ती समितिको निर्णयलाई कार्यान्वयन तहमा लैजान १९ वटै वडामा १९ जना सहजकर्ता र नगरमा एकजना सहजकर्ता खटाइनुका साथै १९ वटै वडामा जनप्रतिनिधिमध्येबाट एक/एकजना बालमैत्री सम्पर्क व्यक्तिका रुपमा चयन हुनुका साथै उपमहानगरमा बालमैत्री शाखा स्थापना गरिएको लामिछानेले जानकारी दिइन् ।

सिबिन बालहेल्पलाइन मकवानपुरका संम्योजक झविन्द्र ज्ञवालीका अनुसार उपमहानगरले छिटो घोषणा गर्नुभन्दा पनि अर्थ हुनेगरी काम गर्नुपर्ने बताए । ज्ञवालीले विगतमा घोषणा भएका पालिकाको समीक्षा गरेर सुक्ष्म तरिकाले काम गर्न सुझाव दिए । त्यसका लागि उपमहानगरले पर्याप्त बजेटको व्यवस्था गर्नुपर्ने बताएका छन् । हतार गरेर घोषणा गर्दा समस्या दोहोरिने हुँदा सबै सूचकक पूरा गरेर मात्रै घोषणा गर्न आग्रह गरे ।

हेटौंडालाई बालमैत्री बनाउन मुख्य चुनौतीका रुपमा बालश्रम र बालविवाह रहेको छ । मकवानपुरको मनहरी गाउँपालिका, बकैया गाउँपालिका र मकवानपुर गढी गाउँपालिका बालमैत्री घोषणा भइसकेको छ तर, ती पालिकामा घोषणा भएको एकवर्ष नबित्दै बढ्दो अवस्थामा देखिएको बालश्रम र बालविवाहले बालमैत्रीलाई निरन्तरता दिन चुनौती देखिएको छ । सरोकारवाला स्थानीय तहलाई बालमैत्री घोषणा गर्नभन्दा पनि त्यसलाई निरन्तरता दिनु ठूलो चुनौती हुने बताउँछन् ।

बालमैत्री पालिका घोषणाका लागि पूरा गर्नुपर्ने कार्यसम्बन्धी ५१ वटा सूचकमा १५ वटा संस्थागत विकास सूचक, १४ वटा बालबचाउ सूचक, १० वटा बालसंरक्षण सूचक, बालविकासका सूचक र बाल सहभागिताका सूचक समान ६-६ वटा छन् । ती सूचकमध्ये बालसंरक्षणसम्बन्धी सूचकभित्र पर्ने बालविवाह, बालश्रम नियन्त्रण जस्ता कुरा चुनौतीपूर्ण छन् । ५१ सूचकमा नवजातशिशुको स्वास्थ्य जाँच, दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराउने, ६ महिनासम्म बालबालिकालाई स्तनपान, ५ वर्षसम्मका बालबालिकालाई भिटामिन क्याप्सुल खुवाएको र सबै किसिमका खोप लगाएको हुनुपर्नेछ । यसका साथै खानेपानीको पहुँच, शौचालयको सुलभता जस्ता सूचक पनि पूरा हुनुपर्ने छ ।

## मकवानपुरका लागि एकअर्ब वित्तीय समानीकरण बजेट सिफारिस

साझाकुरा संवाददाता

हेटौंडा, १२ चैत/संघीय सरकारले दिने वित्तीय समानीकरण देशभरका स्थानीय तहलाई बढ्दा मकवानपुर जिल्लाका स्थानीय तहले पाउने अनुदान घटेको छ ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि स्थानीय सरकारलाई पठाउने वित्तीय समानीकरण अनुदानको सिफारिस गरेको छ । मकवानपुरका दश स्थानीय तहले यस वर्ष कुल १ अर्ब ११ करोड ४१ लाख बजेट वित्तीय समानीकरणमार्फत पाएका छन् । अघिल्लो आर्थिक वर्षको तुलनामा मकवानपुरका पालिकाले पाउने वित्तीय समानीकरण अनुदान ०.१५४ प्रतिशत अर्थात १९ लाख कम हो ।

आगामी आर्थिक वर्षका लागि संघीय सरकारले प्रदेश र स्थानीय सरकारलाई उपलब्ध गराउनुपर्ने वित्तीय समानीकरण अनुदान देशभरको तुलना गर्दा करिब २ अर्ब रुपैयाँले बढेको हो । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसअनुसार आर्थिक वर्ष ०८१/८२ मा संघीय सरकारले प्रदेश र स्थानीय तहलाई १ खर्ब ४८ अर्ब रुपैयाँ वित्तीय समानीकरण अनुदान उपलब्ध गराउनुपर्नेछ । चालु आर्थिक वर्षका लागि यस्तो अनुदान १ खर्ब ४६ अर्ब २ करोड ४ लाख रुपैयाँ थियो ।

मकवानपुरको एक मात्र उपमहानगर हेटौंडाले आर्थिक वर्ष २०८१/८२ का लागि सबैभन्दा बढी २९ करोड ९८ लाख अनुदान पाएको छ भने दोस्रो धेरै मनहरी गाउँपालिकाले १२ करोड ३७ लाख बजेट पाएको छ । थाहा नगर पालिकाले १२ करोड ८० लाख रुपैयाँ मात्र पाएको छ । हेटौंडाले चालु आर्थिक वर्षको तुलनामा १ करोड ६ लाख कम पाएका हो । चालु आर्थिक वर्षको तुलनामा महरीले भने ३३ लाख बजेटको आकार बढाएको छ । थाहानगरले १२ लाख रुपैयाँ कम पाएको छ ।

आगामि आर्थिक वर्षका लागि मकवानपुरको सबैभन्दा कम वित्तीय समानीकरण अनुदान इन्द्रसरोवर गाउँपालिकाले पाएको छ । इन्द्रसरोवरले ७ करोड २६ लाख मात्र अनुदान पाएको हो । भीमफेदी गाउँपालिकाले चालु आर्थिक वर्षको तुलनामा बढी अनुदान पाएको छ । चालु आर्थिक वर्षका लागि ९ करोड ७७ लाख पाएकोमा आगामि आर्थिक वर्षका लागि १५ लाख बढी ९ करोढ ९२ लाख समानीकरण बजेट पाउने भएको छ । मकवानपुर गढीले पनि ८ लाख समानीकरण अनुदान बढाउँदै ९ करोड ८२ लाख बजेट पाएको छ ।

बकैयाले चालु आर्थिक वर्षको तुलनामा २६ लाख बजेट बढाएको छ । बकैयाले आगामी आर्थिक वर्षका लागि ११ करोड ९१ लाख बजेट पाएको छ । वित्त आयोगले न्युनतम, सुत्रमा आधारित र कार्यसम्पादनमा आधारित भएर पालिकाहरुका लागि वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने गर्दछ । यो बजेट स्थानीय पालिकाले आफूले बजेट बनाएर प्राथमिकताका आधारमा खर्च गर्न सक्छन् ।

## जनकल्याणका विद्यार्थी खेलाडीलाई सम्मान

साझाकुरा संवाददाता



हेटौंडा, १२ चैत/जनकल्याण माविले राष्ट्रपति रनिङशील्ड तथा मेयर कप भलिबल प्रतियोगिता, २०८० मा विजेता विद्यार्थी खेलाडीलाई सम्मान गरेको छ ।

थाहा नगरपालिका-३ को जनकल्याण माविले विद्यार्थीलाई एक कार्यक्रमको आयोजना गरी सम्मान गरेको हो । विद्यालय व्यवस्थापन समितिका सदस्य मेनुका आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा व्यवस्थापन समितिका सदस्य, शिक्षक अभिभावक संघका प्रतिनिधि, पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको अध्यक्ष तथा पूर्वशिक्षक कृष्णबहादुर बिष्ट, पालुङ क्याम्पसका प्राध्यापक प्रकाश पौडेल, विद्यालयका पूर्वलेखापाल मधुसूदन रायमाझीलगायत शिक्षक तथा विद्यार्थीको उपस्थिति रहेको थियो ।

नगरपालिकास्तरीय रनिङशील्ड प्रतियोगितामा जनकल्याण माविले १७ स्वर्ण, १४ रजत र ७ कास्य पदक सहित शिल्ड जितेको थियो । कार्यक्रममा विजेता विद्यार्थीलाई प्रधानाध्यापक सानोभाइ कार्कीले टीका र खादा लगाएर सम्मान गरेका थिए । पालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा विद्यालयबाट सहभागी छात्र, छात्राले खेलमा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्न सफल विद्यार्थीलाई बधाई दिइएको हो ।

नगरपालिका अन्तर्गत सहभागी रहेको १३ वटा विद्यालय बीच भएको प्रतियोगितामा जनकल्याण मावि प्रथम भएको थियो । प्रधानाध्यापक कार्कीले विद्यालयको सम्पूर्ण शिक्षक तथा कर्मचारीको सफलता भएको उल्लेख गरे ।

## मंगलदीपको आयोजनामा रक्तदान



साझाकुरा संवाददाता

हेटौंडा, १२ चैत/थाहा नगरपालिकाको मंगलदीप बचत तथा ऋण सहकारी संस्था लिमिटेडले १० औं स्थापना दिवसको अवसरमा रक्तदान गरेको छ ।

कार्यक्रममा ६४ जनाले रक्तदान गरेका छन् । नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालय काठमाडौंबाट प्रेम सागर कर्माचार्य सहितको टोली थाहानगर आएका थिए । पालुङ जेसीज सहआयोजक रहेको रक्तदान कार्यक्रमको सहायेगी संस्थाहरु, नेपाल रेडक्रस सोसाइटी उपशाखा दामन, लायन्स क्लव अफ थाहा पिस, लियो क्लव अफ थाहानगर, फरक सोच, नेपाल लाईफ इन्स्योरेन्स कम्पनी पालुङ, शिखर क्लव र शिखरकोट बजार व्यवस्थापन समिति रहेका थिए ।

स्थापना दिवसकै अवसर पारेर संस्थाले उत्कृष्ट कारोबार गर्ने आफ्ना सदस्यलाई सम्मान गरेको छ । सम्मानित हुनेमा जेष्ठनागरिक बचततर्फ सानुकाजी कार्की, उत्कृष्ट बालबचतमा बिकेश कार्की, उत्कृष्ट नियमित बचततर्फ तीर्थराज कर्माचार्य, गंगालाल प्रधान, महिला बचततर्फ माइली तामाङ, माइती तामाङ, याङ्जी स्याङ्तान र रिता गोम्बा रहेका छन् भने असल ऋणिबाट मंगलाल गोपाली सम्मानित हुँदा शिक्षातर्फ २०७९ सालको एसइइमा उत्कृष्ट भएका परिक्षित रायमाझीलाई सम्मानित गरिएको थियो ।

सम्मानितलाइ संस्थाका अध्यक्ष नवराज बिष्ट र सचिव प्रल्हाद महतले सम्मानपत्र प्रदान गरेका थिए । ललितपुरमा मुख्य कार्यालय रहेको मंगलदीप बचत तथा ऋण सहकारी संस्थाले बिगतका वर्षमा पनि समुदायमा आधारित बिबिध स्वास्थ्यसम्बन्धी कार्यक्रम गर्दै आएको छ । छोटो समयमा नागरिकको विश्वास जित्न सफल यस सहकारीको थाहा नगरसहित २ वटा सेवाकेन्द्र सञ्चालनमा रहेको छ ।

## धियालमा बाघले ४ वटा गाई खायो

साझाकुरा संवाददाता

हेटौंडा, १२ चैत/मकवानपुर पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिका-७ जरायोटारमा बाघको आक्रमणमा ४ वटा गाईको मृत्यु भएको छ । स्थानीय रुद्रबहादुर रानाको ४ वटा गाई चर्न गएको समयमा बाघले आक्रमण गरेको हो ।

मनकामना सामुदायिक वनमा चराउन लगेको गाइबस्तु घर नआएपछि खोजी गर्ने क्रममा जंगलमा मृतअवस्थामा भेटिएको प्रहरीलाई गाई धनी रानाले खवर गरेको थिए ।

रानाको घरदेखि एक किमि दक्षिणतर्फ रहेको मनकामना सामुदायिक वन क्षेत्रमा ४ वटा गाई मृतअवस्थामा फेला परेको फापरबारी प्रहरीचौकीले जनाएको छ ।

शनिबारदेखि हराएको गाई जंगलमा बाघले पछाडिको भाग आधा खाएको अवस्थामा सोमबार फेला परेको प्रहरीचौकी फापरबारी, झुरझुरेले जनाएको छ । गाई चर ाउन लगेको जंगलबाट फिर्ता नआएको टेलिफोनमार्फत् स्थानीयले खवर गरेपश्चात प्रहरीचौकी झुरझुरेबाट प्रहरीटोली खटी गएको बताइएको छ ।

बाघले मारेको जस्तो २ वटा गाईको पछाडिको शरीरको भाग खाएको २ वटा आक्रमण गरी मारेको) देखिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता डिएस्पी लक्ष्मी भण्डारीले जानकारी दिएका छन् । जरायोटार चन्द्रपुर नगरपालिकाको सीमाक्षेत्रमा रहेको बस्ती हो ।


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

### अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरुः

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।




सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

## सम्पूर्ण ब्राण्डका गाडी

### एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# विकास गाउँमा मानिस सहरमा

मकवानपुरको राक्सिराङ गाउँपालिकाले गाउँपालिकाभित्र बसाइँ सरी आउनेलाई घर उपहार दिने निर्णय गरेपनि गाँउपालिकामा एकजना पनि बसाइँ सरी आएका छैनन् । बरु उल्टै गाउँपालिकाबाट हरेक वर्ष १ सय ८५ जनाभन्दा धेरै बसाइँसरी जाने गरेको छ । घर उपहार दिँदा पनि बसाइँसरी नआउनु दुःखद भएको राक्सिराङ गाउँपालिकाले जनाएको छ । सबैजना सहरमुखी हुनका साथै सुविधा खोज्ने बहानामा सुगमक्षेत्रमा बसाइँसरी जाने गरेका छन् । हरेकवर्ष गाउँपालिकाबाट धेरै मात्रामा बसाइँसराइँ हुने गरेको र त्यसलाई रोक्न गाउँपालिकाले घर उपहार दिने निर्णय गरेपनि एकजना पनि आएका छैनन् । पालिकामा बसाइँसरी आउनेलाई पालिकाले प्रतिघर ५ लाख रुपैयाँ पर्ने कम्तिमा दुईकोठे घर निर्माण गरिदिने निर्णय गरेको थियो । तर, हालसम्म एकजना पनि नआएका हुन् ।

गाउँपालिकाको चालु आर्थिक वर्षको स्वीकृत नीति तथा कार्यक्रममा अन्यत्रबाट गाउँपालिकाभित्र बसाइँ सरी आउन आकर्षित गर्न 'सुन्दर समाज हाम्रो सार, बसाइँसरी आउनेलाई घर उपहार' कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको थियो । यतिबेला विकास गाउँमा पुगेको छ तर, मानिसको बसाई सहरकेन्द्रित बन्दै गएको छ । गाउँसभामा गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा घर कस्तो प्रकारको हुने र कति लागतको हुने भन्ने कुरा गाउँपालिकाले बनाउने कार्यविधिमा निर्भर हुने बताइएको थियो । सोही निर्णयअनुसार नै गाउँपालिकाले गत फागुन १६ मा राक्सिराङ गाउँपालिकाम बसाइँ आउनेलाई घर उपहार कार्यक्रमसम्बन्धी १५ दिने सूचना जारी गरिएको थियो । जस्का लागि पालिकाले विभिन्न मापदण्ड बनाएको थियो । तर, सूचना जारी गरेको म्याद सकिँदासम्म एकजना पनि घर उपहार लिन नआएको गाउँपालिकाले बताएको छ । दुर्गम क्षेत्रमा जति विकास भएपनि सुविधा छैन भन्ने मानसिकताले पनि बसाइँसराई हुने गरेको छ । विगतको तुलनामा हेरेर गाउँपालिकामा धेरै विकास भएको छ । विगतमा सिटामोलसम्म नपाईने पालिकामा अस्पताल बनेको छ । हरेक वडामा स्वास्थ्यचौकी निर्माण भएको छ । मावितहसम्म पढाई हुने गरेको छ भने पालिकामा बाटोघाटो निर्माण हुनका साथै खानेपानीको सुविधा पुगको छ । अहिले मानिस सहरमुखी हुँदा र ऐलानी जग्गामा भएपनि सुबिधासम्पन्न ठाउँमा बसाइँसरी जाने गरेका छन् । राक्सीराङ गाउँपालिका भन्ने बित्तिकै दुर्गम गाउँपालिका सोच्ने र पालिकामा पछिल्लो समय धेरै विकास भइसकेको भन्ने जानकारी नहुँदा पनि बसाइँसरी आउनेको संख्या शुन्य रहेको छ । गाउँपालिकाले बसाइँसरी आउनेलाई घर उपमहार दिने सम्बन्धमा पुनः बैठक बसेर सूचनाको म्याद थप गर्ने सोच बनाएको छ ।

मकवानपुरको पश्चिमउत्तरी भेगका ४ वटा साविक गाविसहरु राक्सिराङ, काँकडा, खैराङ र सरिखेत मिलाई नेपाल सरकारको मिति २०७३/११/२७ को निर्णयले राक्सिराङ गाउँपालिका गठन भएको हो । यो गाउँपालिकाको जनसंख्या २५९९६ (राष्ट्रिय जनगणना, २०७८), ३०८३० (घरधुरी सर्वेक्षण २०७५, राक्सिराङ गाउँपालिका) कुल क्षेत्रफल २२६.७ वर्ग किमि र जनघनत्व १३५.७२ प्रतिवर्ग किमि छ । यसको पूर्वमा हेटौंडा उपमहानगरपालिका र कैलाश गाउँपालिका, पश्चिममा चितवन जिल्लाको राप्ती नगरपालिका, दक्षिणमा मनहरी गाउँपालिका र उत्तरमा कैलाश गाउँपालिका र धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिका पर्दछ । जम्मा ९ वटा वडा रहेको पालिकामा तामाङ समुदाय ४६.२५ प्रतिशत, चेपाङ समुमदाय ४३.९६ प्रतिशत, क्षेत्री समुदाय २.७५ प्रतिशत, दलित समुदाय २.३८ प्रतिशत, मगर समुदाय १.५० प्रतिशत, नेवार समुदाय ०.५६ प्रतिशत र ब्राम्हण समुदाय ०.०६ प्रशित बसोबास गर्छन् । गाउँपालिकामा आदिवासी र अल्पसंख्यक चेपाङ समुदायको बाहुल्यता रहेको छ । गाउँका युवासँगै बसाइँसराइ गरेर जानेहरुका कारणले गाउँ सुनसान बन्दै गएका छन् । गाउँमा गरेर खाने मान्छे छैनन् । जसका कारणले बिवाह, पूजा, कुनैपनि काम गर्दा समस्या छ । बिदेशिने क्रम र बसाइँसराइबाट गाउँघरमा बृद्ध आमाबुवा मात्रै छन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत १४ गते बुधबार २७ मार्च २०२४ । द्वितीया, चैत्र कृष्णपक्ष । चिल्लागा ११४४ ने.सं. । सूर्योदय ६:२, सूर्यास्त ६:१८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : राजनीतिमा प्रगति हुने | **तुला** | : सन्तानबाट खुशी मिल्ने |
| **वृष** | : शारीरिक परिश्रम गर्नुपर्ने | **वृश्चिक** | : व्यापारमा केही हानि हुने |
| **मिथुन** | : पढाइमा प्रगति हुने | **धनु** | : शत्रु पराजित हुने |
| **कर्कट** | : विश्वासमा संकट आउने | **मकर** | : मानसम्मान बढ्ने |
| **सिंह** | : निर्माण कार्यमा प्रगति | **कुम्भ** | : विद्यार्थीका लागि लाभदायक |
| **कन्या** | : सामाजिक काममा सफलता | **मीन** | : सम्मानित काम हुनेछ |

# नयाँ समीकरण र राजनीतिक अवस्था



✍ दामोदर पौडेल

देशमा नयाँ सरकार त आएको छ, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नै प्रधानमन्त्री बनेका छन् । प्रचण्डले पुरानो सत्ता साझेदारको आधारमा बनेको सरकार बदलेर पुनः आफ्नै नेतृत्वमा नयाँ सरकार गठन गर्नुको ठोस कारण पेस गर्न सकेको देखिँदैन । उनका र नयाँ साझेदारहरुका भनाइहरु पहिला सरकारको समीकरण बदलिँदा हुनेजस्तै छन् ।

भित्रिनेको प्रशंसा र बाहिरिनेको कमजोरी देखाउने नागरिकको अवस्थामा तत्विक भिन्नता नआउने परम्परा यथावत् नै छ । उनले सरकार गठन गरेर शपथग्रहण गरेको दुई वर्ष पनि नपुग्दै अर्को सरकारको पहल हुन संविधानतः अनिवार्य थिएन । उनले अझै पनि करिब नौ महिना सरकार सञ्चालन गर्न सक्ने थिए । यो हतार किन र केको लागि भन्ने प्रस्ट हुन सकेको छैन ।

राजनीतिक विश्लेषण गर्ने पण्डितहरुले अमेरिकाको इच्छामा यो नयाँ सरकार बनेको भन्ने पनि गरेका छन् । यो सरकार बन्नमा चीनको समेत सदासयता छ भन्ने पनि गरिएको छ । अर्कोतर्फ प्रधानमन्त्री पुष्पकमल दाहालले पहिला पनि विदेशको लागि अर्थात् मित्रराष्ट्रको लागि कम्फर्टेबल सरकार बनेको जानकारी दिएर कांग्रेससँगको सहकार्यलाई प्रस्ट गरेका थिए । यो आफैँमा झुटा र अपुष्ट भएको अहिलेको नयाँ समीकरणले देखाएको छ । यो सरकार कसको लागि कम्फर्टेबल छ त भन्ने सवाल पनि आउँछ ।

वर्तमान संविधानले कोही पनि प्रधानमन्त्री बनेपछि दुई वर्षसम्म उसलाई सामान्यतः हटाउन नसकिने व्यवस्था गरेको छ । तर सरकार बनेको लगभग १५ महिनामा नै पुरानो सरकार गएर नयाँ सरकार आएको छ । प्रधानमन्त्रीबाहेक अन्य सबै दलीय चेहरा फरक छन् । यसरी आफ्नो सुरक्षित अवधि बाँकी रहँदा रहँदै प्रधानमन्त्री पुष्पकमल दाहाललाई किन सरकार बदल्न परेको हो भन्ने सवाल उठ्नु स्वाभाविक हो ।

संविधानको धारा १०० को उपधारा ४ को तर खण्डमा प्रधानमन्त्री नियुक्त भएको पहिलो दुई वर्षसम्म र एकपटक राखेको अविश्वासको प्रस्ताव असफल भएको एक वर्षभित्र अविश्वासको प्रस्ताव पेस गर्न सकिने छैन भन्ने उल्लेख छ । सुरक्षित कार्यकाल बाँकी रहँदैमा दाहालले पुनः शपथ लिएको अर्को दुई वर्षको लागि सुरक्षित हुनको लागि मात्र नयाँ सरकारको गठन गरेका हुन् त ? यद्यपि यो सम्भावना पनि नहुने होइन, किनकि नौ महिना बाँकीभन्दा दुई वर्ष सरकारमा रहन बाँकी अवश्य पनि प्रधानमन्त्री पदको लागि सबल पक्ष हो ।

यसका साथै पुष्पकमल दाहाल कम्तीमा पनि तीन वर्षभन्दा बढी प्रधानमन्त्री बनिरहने अधिकार लगभग स्थापित भएको छ । कांग्रेस र समाजवादीसँग भएको सर्त अनुसार ती दलका तोकिएका नेताहरुले एक वर्ष र दुई वर्ष प्रधानमन्त्री पाउने सम्भावना रहेको समझदारीको अन्त्य भएको छ । यद्यपि एमालेको सहयोगले दाहाल प्रधानमन्त्री बनेबाट नै अन्यथा भएको हो । कांग्रेस सत्ता साझेदार बन्न पुगेकोले पुरानो समझदारी बिउँतिएको अर्थ लागेको थियो तर अब त्यो अवस्थामा विराम लागेको छ । देउवा र नेपालले भद्र सहमतिको दाबा गरेर प्रधानमन्त्री पाउने सम्भावना यो समीकरणले स्वीकार गर्दैन ।

यो समीकरणले दाहालको प्रधानमन्त्रीको अवधि एक वर्षभन्दा ज्यादा थपिएकोमा अर्को सम्भावना भनेको अमेरिकासहितका पश्चिमा राष्ट्रहरुले ज्यादा कम्फर्टेबल महसुस गरेको हुनुपर्छ । यसको मुख्य कारण भनेको भारतमा सरकारको हिन्दुवादी छवि भएकोले नेपाललाई पनि हिन्दु राष्ट्र बनाउने चाहना हुन्छ भन्ने देखिएको र कांग्रेसको महासमिति बैठकमा नै हिन्दु राष्ट्रको विषय उठान भएकोले त्यो सम्भावनालाई कमजोर बनाउन अमेरिकासमेत पश्चिमी देशहरुको लागि कांग्रेस आफ्नो भित्री धार्मिक लक्ष्यको लागि सहयोगी हुन नसक्ने प्रस्ट भएकोमा चिन्ता हुनु स्वाभाविक हो ।

यो नयाँ समीकरण हिन्दु राष्ट्र माग गर्नेहरुलाई पश्चिमाहरुको सहयोग हुँदैन भन्ने सन्देश पनि हो । नेपाललाई सहयोगको सम्भावना ज्यादा हुन्छ कि भन्ने आशा पनि हो । पश्चिमाहरु भारतलाई सम्झाउने तागत राख्दैनन् । यसको मुख्य कारण भारतको आर्थिक उन्नतिले सामरिक क्षमता र विश्वमा हैसियत बढेको हुँदा विश्व राजनीतिमा भारत आक्रामक भन्न नसकिए पनि अग्रसर अवस्थामा छ । मोदी आफैं विश्व राजनीति र हिन्दुत्वको लागि ब्रान्ड बनेका छन् । मोदीलाई पछाडि धकेलेर नेपालमा हिन्दुत्वको एजेन्डालाई कमजोर बनाउन सक्दिैन । नेपालमा हिन्दुत्वको एजेन्डालाई साथ दिने राजनीतिक शक्तिलाई नै कमजोर बनाउने र मौका हेर्ने पश्चिमी दाउ अहिले सफल भएको जस्तो देखिन्छ । राप्रपा सरकारमा साझेदार नहुनुको पनि यही अर्थ छ भन्न सकिन्छ । कम्युनिस्ट राजनीतिको आस्थाको शुरुवात नै धर्मलाई अस्वीकार गर्ने भावनाबाट शुरु भएकोले यस विषयमा कम्युनिस्ट पार्टीलाई दोष दिने आधार पनि बन्दैन । यद्यपि वर्तमान चिनिया नेता सिजिङ पिङले पूर्वीय सभ्यताको संरक्षणको कुरा उठाएजस्तै ऐमाले नेता केपी ओलीको पनि पूर्वीय सभ्यताप्रति सम्मान रहेको पाइन्छ ।

नेपाली कांग्रेसको फरक गुटको फरक मत र महासमिति बैठकमा उठाएका विषयले दाहाललाई अन्यथा भएको हो जस्तो लाग्दैन । बरु एकपटक बामपन्थी एकतासमेतको सन्देशबाट पुनः ऐमालेसँग एकीकरण गर्ने र आफ्ना कार्यकर्ताहरुलाई धारिला बनाएर जनतामा आफ्नो समूहलाई स्थापित गर्ने चाहना अनि अपेक्षाकृत राम्रो परिणामको आशाको सम्भावनाप्रति ज्यादा लगाव देखिन्छ । देशमा दुईवटा कम्युनिस्ट पार्टीहरु लगातार बराबरजस्तो हैसियतमा रहेको विश्व इतिहास देखिँदैन ।

नेपालमा पनि अब कम्युनिस्टको मूलधार ऐमाले नै भएकोमा कसैलाई भ्रमसमेत छैन । अर्कोतर्फ एक्लै लड्दा पहिलोपटकको हैसियत गठबन्धन गरेर चुनावमा जाँदासमेत नभएको र माओवादी मतको हिसाबले खुम्चिँदै गएको तथ्य सबैलाई थाहा छ । आफ्नो मत घट्दै जाने भनेको सिट संख्या कम हुँदै हैसियत गुम्नु हो । ऐमालेसँग मिलेर कमसेकम आफ्नो समूहको सिट केही भने पनि सुरक्षित हुने र ठूलो कम्युनिस्ट पार्टीको सम्मान कायम रहने चाहना र आशाले दाहाललाई यो अवस्थामा ल्याएको देखिन्छ । एकातिर कम्युनिस्ट नामले गर्दा ऐमालेको पकड र अर्कोतर्फ ऐमालेमा रहेको व्यावहारिकरुपमा लोकतन्त्रप्रतिको दृढ आस्थाले ऐमालेलाई जनता, साम्यवादी देश र लोकतान्त्रिक देशहरु सबैमा आफ्नो छवि कायम राख्न सजिलो छ । यो अवस्थाको लागि केपी ओलीको व्यावहारिक राजनीतिको सकारात्मक पक्षको अहं भूमिका छ ।

अर्कोतर्फ नेपाली कांग्रेस पदको लागि जम्मा भएको झुन्डजस्तो मात्र देखिन थालेको छ । देउवा गुटकाहरु कांग्रेसभित्रका अर्को गुटकालाई पेलेर देखाइदिने व्यवहारमा लागेका देखिन्छन् । गगन थापा र विश्वप्रकाशजस्ता केही नेताहरुले कांग्रेसमा सञ्चारको नयाँ आभास दिन खोजेकोले लोकतन्त्रको कसिलो विश्वास राख्ने तर बाहिरिन पुगेको वा निष्क्रिय रहन पुगेको तप्का पुनः कांग्रेसमा समावेश हुन सक्छ । यसो भएमा देशमा पुनः दाहालसमेत रहेको अहिलेको ऐमालेको पहलको नेपाल कम्युनिस्ट पार्टीको रुपमा स्थापित हुन सक्ने शक्ति तथा कांग्रेस गरी दुई ठूला शक्तिको रुपमा स्थापित हुने देखिन्छ । विगतका गल्तीहरुलाई सच्याएर देशमा व्यावहारिक दुई दलको अवधारणालाई स्थापित गर्न सक्ने सम्भावना हुन्छ ।

सत्तासीनहरुको गल्तीलाई देखाएर उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीको छवि अझै पनि राम्रो छ । तर सरकारमा गएपछि जनताले चाहेको सबै कुरा पूरा हुन सक्दैनन् । त्यसैले रास्वपा अर्को चुनावमा सरकारमा रहँदा अहिलेको भन्दा राम्रो गर्न सक्ने सम्भावना हुँदाहुँदै पनि काल्पनिक क्रेज त्यसमा रहँदैन ।

राष्ट्रिय प्रजातन्त्र पार्टीको अवस्था सत्तामा रहे पनि वा सत्ताबाट बाहिर गए पनि रास्वपाको जस्तै गरेर वृद्धिको सम्भावना हुने आँकलन गर्न सकिएला । राजसंस्था र हिन्दुत्वको पक्षमा रहेका मतलाई एकीकरण गर्न सकेमा भने यो दलले धेरै राम्रो गर्न सक्छ । तर पुराना मण्डले छवि भएका नेताहरुलाई खोपाका देउता बनाएर राख्न सक्नुपर्छ । अर्थात् उनीहरुलाई जनतामा नलग्ने तर सहयोग लिने वातावरण समेत भएमा राप्रपाले आफ्नो हैसियत अझै राम्रो गर्न सक्छ । अहिले पनि राप्रपालाई शान्ति र स्थिरताको पक्षधर तथा धर्म र परम्पराको हिमायती रहेको जनताले देखेका छन् । अब त्यसको रक्षक पनि भएको आभास दिने हो भने राप्रपा पनि फोनिक्सजस्तो बन्न सक्छ, अर्थात् पहिलाको अवस्थालाई व्यापक परिवर्तन गर्ने क्षमता ।

जे होस्, बारम्बार भएका फरक सत्ताको समीकरणले देशमा कुनै पनि राजनीतिक दलले आफूलाई मात्र राष्ट्रवादी भन्ने आधार र अरुलाई अराष्ट्रिय भन्ने धृष्टता गुमाएका छन् । सबै उस्तै-उस्तै हुन् भन्ने सन्देश दिएका छन् । जनतामा अनावश्यक भ्रम कम हुँदै गएको छ । यसले देशको लागि केही गर्न मिलेर जाने सन्देश र प्रवृत्तिको विकास भएमा राम्रो पनि हो । तर खान र कमाउन मात्र हुने एकता र त्यसै आधारमा हुने परिवर्तनको निरन्तरताले गर्दा जनताले आशा नगरी नै मत दिने बानी पनि पर्न थालेको छ । मत खुशीको आशामा हैन, अरु दुःख नहोस् भन्ने चाहनामा दिने गर्न थालिएको छ । त्यसैले सरकार परिवर्तन जनताको लागि कुनै आशाको सञ्चारसँग सम्बन्धित सरोकारको विषय देखिएन ।

अन्त्यमा, विगतका अनुभवहरुले गर्दा नेकपा ऐमाले र माओवादी एकीकरण हुन नसकेमा यो सरकारको आयु पनि लगभग एक वर्ष नै हुने अनुमान गर्न सकिन्छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# कर्मचारीतन्त्रमा सुधारभन्दा परिवर्तन आवश्यक

✍ गोपीनाथ मैनाली

पञ्चायतकालमा अहिलेजस्तो पारदर्शिता थिएन, कर्मचारीले बोल्न सक्दैनथे । कर्मचारी आश र त्रासको सिद्धान्तमा हुन्थे । योग्यता प्रणाली त थियो तर कर्मचारीहरू दरबारको आशीर्वादमा चल्नुपर्थ्यो । दरबारको हुकुमी प्रमाङ्गीले काम गर्थ्यो । सरुवा र बढुवामा दरबारको हात हुन्थ्यो । यद्यपि त्यतिबेलाको एउटा ब्युटी के थियो भने अनुशासन कडा थियो । त्यसकारण कर्मचारीमा अहिलेको जस्तो अनुशासनहीनता थिएन । कर्मचारीलाई युनियनमा आबद्ध हुन छुट थिएन ।

त्यतिबेला दरबारले फेबर गरिदिएपछि कर्मचारीलाई राम्रो काम गर्न कुनै अप्ठेरो हुँदैनथ्यो । त्यसैले पञ्चायतकालमा केही असल सचिवहरू हामीले पायौँ – भुवनेश्वर खत्री, नारायणराज तिवारी, दामोदर गौतम, वीरबहादुर शाही, राधारमण आचार्य, युद्धनाथ खनाल आदि ।

दरबारको संरक्षण छैन भने नराम्रा काम गर्नेहरूको तत्काल जागिर जान्थ्यो । पर्चा खडा गरेर जागिर खोसिन्थ्यो । पर्चा खडा भनेको, व्यवस्था र राजाले आफूहरूको विरुद्ध कर्मचारी लागेको महसुस गरे भने सानो मुचुल्का उठाएर जागिर खोसिन्थ्यो । यसैलाई मैले आश र त्रासको सिद्धान्त भनेको हुँ ।

जब बहुदल आयो, कर्मचारीको लोकतान्त्रिक अभिमुखीकरण भयो, हिजोका भन्दा जाने-बुझेका व्यक्तिहरू कर्मचारीतन्त्रमा आए । भइदियो के भने, कर्मचारीतन्त्र बिस्तारै आस्थामा विभाजित हुन पुग्यो । युनियन वा संगठनमा आबद्ध भएका व्यक्तिहरूमा क्रमशः अनुशासनहीनता भित्रियो । पेसागत संगठनमा आबद्ध नभई इमानदारपूर्वक काम गर्ने कर्मचारी पनि थिए, क्रमशः उनीहरूमा पनि निराशा छाउन थाल्यो । कर्मचारीको योग्यता र क्षमताको कदर हुन छाड्यो । यसो हुँदा राम्रा कर्मचारीहरू कि सेवाबाट पलायन हुन थाले, नत्र त्यहीँभित्र संघर्ष गरेर टिक्नुपर्ने अवस्था सिर्जना भयो । अहिले औसत दिमागहरू मात्रै निजामती सेवामा आइरहेका छन् । अहिले डिफरेन्ट टाइपका आएका छन्, बेटर टाइपका आएका छैनन् ।

आजभोलि कर्मचारीतन्त्रमा तीन अभाव देखिन्छ–पेसागत निष्ठाको अभाव, व्यावसायिकताको कमी र नैतिकताको अभाव ।

अहिले पदलाई सेवा गर्ने, वृत्तिविकास गर्ने ठाउँभन्दा पनि अवसर लिने ठाउँको रूपमा लिएको देखिन्छ । अहिले यो क्षेत्रको सर्वत्र आलोचना भइरहेको छ । यससँग संस्थापक सम्झना पनि छैन, हिजो के के गरियो, त्यो लिगेसी पनि योसँग बाँकी छैन । यसलाई बारम्बार राजनीतिले गोल हानिरहेको छ । अर्थात् राजनीतिले कर्मचारीलाई भकुन्डो बनायो । यसमा दोष पनि कर्मचारीकै छ । किनभने, म तपाईंको र ऊचाहिँ फलानोको भनेर उसैले भनिदियो । कतिपय अवस्थामा गलत गर्न पनि उसैले सिकाइदियो । यसरी राजनीतिज्ञले पनि कर्मचारीतन्त्रका कमजोर पक्षहरू बुझे र त्यसलाई उपयोग गर्नेतिर लागे । कतिपय कर्मचारी गलत रूपमा उपयोग पनि भए । यसो हुँदा गलत गर्नेलाई कारबाही हुँदा राजनीतिज्ञ परेनन्, कर्मचारी मात्रै पर्ने भए । जसकारण कर्मचारी डिमोर्लाइज भए, उनीहरूको मनोबल घट्न थाल्यो । किनभने मैले उनीहरूले भनेको काम गर्दा कारबाहीको भागिदार पनि हुने रहेछु भन्ने कर्मचारीलाई पर्‍यो ।

२०४७ सालमा तदर्थ रूपमा कर्मचारी संगठन भन्ने खोलिएको थियो । त्यतिबेला कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री हुनुहुन्थ्यो । त्यसको आठ-दश महिनापछि यो संगठन दुइटा भयो– एउटा कांग्रेस फेबरको, अर्को एमाले फेबरको । त्यो दिनदेखि संगठनका कर्मचारीले कालोपट्टी बाँधेर आन्दोलन गर्न थाले । यसरी कर्मचारीमा कित्ताकाट देखिन थाल्यो । कतिपयले राजनीतिक आडमा आफ्ना अभीष्ट पूर्ति गर्न सुरु गरे । राम्रो ठाउँ वा राम्रो कमाइ हुने ठाउँमा सरुवा हुने, अवसरहरू बढी लिने गर्न थाले । यसले गर्दा राम्रो काम गर्ने कर्मचारी पलायन हुने अवस्था सिर्जना भयो । एउटा कर्मचारी (म स्वयं पनि) लाई नौ ठाउँमा सरुवा गर्न थालियो । मलाई आफ्नो पीडा थाहा छ, अरुलाई झन् बढी सरुवा गरेको हुन सक्छ । यसो हुँदा कर्मचारीले बढी समय लिने र भनेको बेला बजेट कार्यान्वयन नगर्नेजस्ता समस्या देखिन थाले ।

अहिले कर्मचारीतन्त्रले थोरै काम गरे पनि वाह वाह पाउने अवस्था छ । धेरै बिग्रिसकेको अवस्था भएकाले थोरै काम गरे पनि देखिन्छ तर कर्मचारीतन्त्रले थोरैभन्दा थोरै काम पनि गरेन, त्यस्तो वातावरण पनि भएन ।

राजनीतिक व्यवस्था परिवर्तन भए पनि कर्मचारीतन्त्र हिजोदेखिकै हो । उसले विगतको लिगेसी छाड्न सक्दैन । हिजो लाए-अह्राएको काम गरेको थियो, गोप्य रूपमा कामहरू गरेको थियो । हाइच्याकीलाई असाध्यै मान्दै आएको थियो । गणतन्त्र आइसकेपछि कर्मचारीलाई पनि लोकतान्त्रिक, गणतान्त्रिक अभिमुखीकरण गराउनुपर्ने थियो । संविधान वा व्यवस्था परिवर्तन सकेपछि प्रशासनिक परिवर्तन अपरिहार्य हुन्छ ।

जस्तो : २०४८ सालमा प्रशासन सुधार समितिको प्रतिवेदन आइसकेपछि हामीले

> अहिले कर्मचारीतन्त्रले थोरै काम गरे पनि वाह वाह पाउने अवस्था छ । धेरै बिग्रिसकेको अवस्था भएकाले थोरै काम गरे पनि देखिन्छ तर कर्मचारीतन्त्रले थोरैभन्दा थोरै काम पनि गरेन, त्यस्तो वातावरण पनि भएन ।

परिवर्तन नै गर्‍यौं, भन्नलाई त सुधार भनेका थियौँ । पर्चा खडा गरेर जागिर खोसिएका कर्मचारीलाई छाडिदियौँ । राम्रो काम नगर्ने २० वर्ष सेवा अवधि काटिसकेका कर्मचारीलाई स्वेच्छिक अवकाशको योजना ल्याइयो । कतिपय कर्मचारी बिदा भए । आरोप लागेका केही कर्मचारीहरू बिदा भएनन्, उनीहरूको आरोप प्रमाणित गर्ने आधार थिएन, तैपनि सरकारले उनीहरूको पनि जागिर खोस्यो ।

अहिलेको अवस्था कस्तो छ भने पञ्चायतबाट तालिमप्राप्त भएका कर्मचारी अझै छौँ, त्यस कारण हाम्रो डीएनए परिवर्तन गर्नुपर्छ । यो भनेको- हिजो जनतालाई सेवा दिन्थ्यौँ, अब त सहजीकरण गर्ने हो । अहिले सेवाग्राही स्टेकहोल्डर भए । हिजो जनताले सिडिओलाई नमस्कार गर्नुपर्थ्यो, अब सिडिओले नागरिकता लिन आउनेलाई नमस्कार गर्नुपर्छ । हिजो जनतालाई तँ तँ भनेर बसेको सिडिओको दिमाग परिवर्तन गर्न समय लाग्छ । मैले यहाँ एउटा उदाहरण दिएँ, अन्य निकायमा पनि गर्नुपर्ने यही हो ।

हिजो सेवाग्राहीसँग हात मिलाउने भन्ने कुरै हुँदैनथ्यो । अहिले हात मिलाएर, नमस्कार गरेर सेवा दिने अवस्था आइसक्यो । बोल्दा पनि जात, वर्ग, भूगोल, लिंगलाई असर पार्नुभएन ।

परिवर्तनका लागि पहिलो कुरा अभिमुखीकरण तालिम नै हो । अब तिमी यस्तो हो र यसरी काम-व्यवहार गर्नुपर्छ भनेर सम्झाइनुपर्छ । अथवा अब सिडिओको रूपमा नयाँ अनुहारलाई पठाउन सकियो । आफूलाई परिवर्तन गर्न नसक्ने कर्मचारीलाई बिदा गर्नुपर्ने हुन्छ, अथवा उसको मुकाम परिवर्तन गर्नुपर्ने हुन्छ । कर्मचारी बदलिने भनेको व्यावसायिक सदाचारिता बल्दनु हो । यो कुरा बोध गरिसकेपछि कसैले आफूलाई शतप्रतिशत परिवर्तन गर्न नसके पनि केही प्रतिशत त परिवर्तन गर्छ ।

राजनीतिक व्यवस्था परिवर्तन भए पनि कर्मचारीतन्त्र हिजोदेखिकै हो । उसले विगतको लिगेसी छाड्न सक्दैन । हिजो लाए-अह्राएको काम गरेको थियो, गोप्य रूपमा कामहरू गरेको थियो । हाइच्याकीलाई असाध्यै मान्दै आएको थियो । गणतन्त्र आइसकेपछि कर्मचारीलाई पनि लोकतान्त्रिक, गणतान्त्रिक अभिमुखीकरण गराउनुपर्ने थियो । संविधान वा व्यवस्था परिवर्तन सकेपछि प्रशासनिक परिवर्तन अपरिहार्य हुन्छ ।

जस्तो : २०४८ सालमा प्रशासन सुधार समितिको प्रतिवेदन आइसकेपछि हामीले परिवर्तन नै गर्‍यौं, भन्नलाई त सुधार भनेका थियौँ । पर्चा खडा गरेर जागिर खोसिएका कर्मचारीलाई छाडिदियौँ । राम्रो काम नगर्ने २० वर्ष सेवा अवधि काटिसकेका कर्मचारीलाई स्वेच्छिक अवकाशको योजना ल्याइयो । कतिपय कर्मचारी बिदा भए । आरोप लागेका केही कर्मचारीहरू बिदा भएनन्, उनीहरूको आरोप प्रमाणित गर्ने आधार थिएन, तैपनि सरकारले उनीहरूको पनि जागिर खोस्यो ।

अहिलेको अवस्था कस्तो छ भने पञ्चायतबाट तालिमप्राप्त भएका कर्मचारी अझै छौँ, त्यस कारण हाम्रो डीएनए परिवर्तन गर्नुपर्छ । यो भनेको- हिजो जनतालाई सेवा दिन्थ्यौँ, अब त सहजीकरण गर्ने हो । अहिले सेवाग्राही स्टेकहोल्डर भए । हिजो जनताले सिडिओलाई नमस्कार गर्नुपर्थ्यो, अब सिडिओले नागरिकता लिन आउनेलाई नमस्कार गर्नुपर्छ । हिजो जनतालाई तँ तँ भनेर बसेको सिडिओको दिमाग परिवर्तन गर्न समय लाग्छ । मैले यहाँ एउटा उदाहरण दिएँ, अन्य निकायमा पनि गर्नुपर्ने यही हो ।

हिजो सेवाग्राहीसँग हात मिलाउने भन्ने कुरै हुँदैनथ्यो । अहिले हात मिलाएर, नमस्कार गरेर सेवा दिने अवस्था आइसक्यो । बोल्दा पनि जात, वर्ग, भूगोल, लिंगलाई असर पार्नुभएन ।

परिवर्तनका लागि पहिलो कुरा अभिमुखीकरण तालिम नै हो । अब तिमी यस्तो हो र यसरी काम-व्यवहार गर्नुपर्छ भनेर सम्झाइनुपर्छ । अथवा अब सिडिओको रूपमा नयाँ अनुहारलाई पठाउन सकियो । आफूलाई परिवर्तन गर्न नसक्ने कर्मचारीलाई बिदा गर्नुपर्ने हुन्छ, अथवा उसको मुकाम परिवर्तन गर्नुपर्ने हुन्छ । कर्मचारी बदलिने भनेको व्यावसायिक सदाचारिता बल्दनु हो । यो कुरा बोध गरिसकेपछि कसैले आफूलाई शतप्रतिशत परिवर्तन गर्न नसके पनि केही प्रतिशत त परिवर्तन गर्छ ।

*(साभार: रातोपाटी)*

# लथालिङ्ग त्रिवि सेवा आयोग, करार र आंशिक शिक्षकको भरमा पठनपाठन

काठमाडौं/त्रिभुवन विश्वविद्यालय, सेवा आयोग लथालिङ्ग बन्दा केन्द्रीय विभागहरूसँगै आंगिक क्याम्पसहरू करार तथा आंशिक शिक्षकको भरमा चल्नु परेको छ । एक वर्षसम्म रिक्त रहेको आयोग अध्यक्षमा २०८० साउन मसान्तमा प्रा.डा. घनश्याम भट्टराई नियुक्त भएका थिए । तर पछिल्लो चार महिनादेखि सदस्य छैनन् । सदस्य नभएका कारण परीक्षा हुन नसकेको आयोगका अध्यक्ष प्रा.डा. भट्टराई बताउँछन् ।



पछिल्ला केही वर्षदेखि सेवा आयोगले राम्रोसँग काम नै गर्न सकेको छैन । राजनीतिक भागबन्डा नमिलेकै कारण पदाधिकारी नियुक्त नहुने, बल्लबल्ल बनेको आयोगले लिएको परीक्षा विवादमा पर्ने मात्र होइन, शिक्षक तथा विद्यार्थी संगठनले आयोग कार्यालयमा तालाबन्दी समेत गर्ने गरेका छन् । यसले शिक्षक तथा कर्मचारी नियुक्त र आन्तरिक बढुवा रोकिंदा कक्षाकोठासम्म प्रत्यक्ष असर परेको छ । त्यसमध्ये एक हो, अमृत साइन्स क्याम्पस (अस्कल) ।

सहायक क्याम्पस प्रमुख गोपाल न्यौपानेका अनुसार अस्कलमा ९ वर्ष अघिसम्म विभिन्न तहका १६० जना स्थायी शिक्षक थिए । अहिले घटेर ११५ जनामा सीमित भएको छ । ५ जना त्रिवि करारका शिक्षक छन् भने क्याम्पसले आवश्यकता अनुसार ४५ देखि ५० जनासम्म आंशिक शिक्षक राख्ने गरेको छ ।

दुई हजार बढी विद्यार्थी अध्ययनरत क्याम्पसको ल्याब सञ्चालनमा आवश्यक कर्मचारीको अभाव छ । सहायक क्याम्पस प्रमुख न्यौपाने भन्छन्, 'शिक्षक त आंशिकमा राखेर पनि चलाएका छौं, कर्मचारीका हकमा निकै समस्या भइरहेको छ ।'

काठमाडौं उपत्यकाकै ठूला क्याम्पसहरू शंकरदेव र आर आरको अवस्था पनि उस्तै छ । क्याम्पस प्रमुख कृष्णप्रसाद आचार्यका अनुसार शंकरदेवमा करिब ११ हजार विद्यार्थी अध्ययनरत छन् ।

६५ शिक्षकको दरबन्दी भए पनि ३६ जना मात्र कार्यरत छन् । दरबन्दी अनुसार शिक्षक नपठाएकै कारण क्याम्पसले २६ जनालाई कोर्स (आन्तरिक) करार राखिएको छ भने कतिपय विषयमा आंशिक शिक्षक छन् ।

क्याम्पसमा ६० जना कर्मचारीको दरबन्दी छ, तर स्थायी कर्मचारी २३ जना मात्र छन् । आन्तरिक स्रोतबाट आन्तरिक र ठेक्का करार मार्फत चौकीदार, कुचीकार तथा सरसफाइ कर्मचारी राखेर क्याम्पस सञ्चालन गर्नु परेको आचार्यले जानकारी दिए ।

आरआर क्याम्पसमा करिब २५ वर्ष अघिसम्म २०० स्थायी शिक्षक कार्यरत थिए । अहिले शैक्षिक कार्यक्रमहरू थपिएका छन्, ६ हजारभन्दा बढी विद्यार्थी अध्ययनरत छन् । तर स्थायी शिक्षक चाहिं सय जना मात्रै छन् । शिक्षक अपुग भएपछि त्रिवि करारका साथै आन्तरिक स्रोत तथा आंशिक शिक्षकहरू राख्नु परेको क्याम्पस प्रमुख डा. जीवनधर ज्ञवाली बताउँछन् । भक्तपुर बहुमुखी क्याम्पसले पनि दरबन्दी अनुसार शिक्षक नहुँदा त्रिवि करार, आन्तरिक करार तथा आंशिक शिक्षकहरूको सहायतामा शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेको छ ।

क्याम्पस प्रमुख कविता लुईंटेल भट्टराई शिक्षक तथा कर्मचारी अभावको कारण समस्या झेलिरहेको बताउँछिन् । उनका अनुसार ९६ शिक्षकको दरबन्दी भए पनि ७३ जना मात्र कार्यरत छन् । त्रिवि करार ७ जना, १० आन्तरिक करार कार्यरत छन् भने ४० जना आंशिक शिक्षक राखिएको छ ।

क्याम्पसमा विभिन्न तहका ५५ कर्मचारीको दरबन्दी भए पनि ३८ जना मात्रै छन् । उपत्यकामा मात्र होइन, दूरदराजका क्याम्पसहरूमा पनि दरबन्दी अनुसार शिक्षक र कर्मचारी छैनन् ।

भोजपुर बहुमुखी क्याम्पस, भोजपुरमा ३३ शिक्षकको दरबन्दी भए पनि १५ जना कार्यरत छन् । उनीहरूमध्ये १० जना मात्रै स्थायी दरबन्दीमा कार्यरत रहेको क्याम्पस प्रमुख भोला राई बताउँछन् ।

१२ जना आन्तरिक करार र ७ जना कोर्स करारमा आंशिक शिक्षक राखिएको छ । २५ जना कर्मचारीको दरबन्दी भए पनि ९ जना मात्रै कार्यरत छन् । पाँच जना ठेक्का करारमा छन् ।

देशकै जेठो विश्वविद्यालय त्रिविको ४० केन्द्रीय विभाग, ६२ आंगिक क्याम्पस, ४ अनुसन्धान केन्द्र समेत गरी १८१ वटा निकाय छन् । सबैतिर शिक्षक तथा कर्मचारी अभाव रहेको कर्मचारी महाशाखा प्रमुख भीमबहादुर श्रेष्ठ बताउँछन् ।

कर्मचारी महाशाखाका अनुसार त्रिविमा ७ हजार ९३८ शिक्षकको दरबन्दी छ । तर अहिले स्थायी शिक्षक ४ हजार १८४ जना मात्र कार्यरत रहेका छन् । त्रिवि करार शिक्षक ५३५ छन्, विभाग तथा क्याम्पसहरूले अपुग शिक्षकका लागि करार र आंशिकमा राख्ने गरेका छन् ।

परीक्षा नियन्त्रण कार्यालय, बल्खुमा समेत कर्मचारी अभाव छ । नियन्त्रक पुष्पराज जोशीका अनुसार २०७५ सालसम्म २६६ जना कर्मचारी कार्यरत रहेका थिए, जुन घटेर १२६ मा आइपुगेको छ ।

सेमेष्टर प्रणालीको परीक्षा, नतिजा र मार्कशिट सम्बन्धी डीन कार्यालयले हेर्छ, वार्षिक प्रणालीको परीक्षा, नतिजा, मार्कशिट अनि सबै प्रणालीको ट्रान्सक्रिप्ट बल्खुले दिन्छ । नियन्त्रक जोशी भन्छन्, 'हामीले आवश्यक कर्मचारीबारे केन्द्रीय कार्यालयमा कुरा गर्ने हो । सेवा आयोग नै ठप्प भएपछि केन्द्रीय कार्यालयले कर्मचारी कसरी दिने र ?'

**लथालिङ्ग सेवा आयोग, मारमा विद्यार्थी**

त्रिभुवन विश्वविद्यालयमा खुला प्रतिस्पर्धाबाट नयाँ र सक्षम जनशक्ति भित्र्याउने भन्दा राजनीतिक पहुँचमा करार तथा आंशिक भर्ना गर्ने र उनीहरूलाई स्थायी गर्ने क्रम चल्दै आएको छ । त्रिविमा २०४७ सालदेखि करारमा शिक्षक राख्ने र समयक्रमसँगै उनीहरूलाई नै स्वत: स्थायी गर्ने प्रवृत्ति सुरु भएको पाइन्छ ।

२०४६ सालमा प्रजातन्त्र ल्याउन भूमिका खेलेको भन्दै करारमा एक वर्ष काम गरेका शिक्षक तथा कर्मचारीलाई (वासुदेवचन्द्र मल्ल अर्थात् बीसी मल्ल उपकुलपति हुँदा) स्वत: स्थायीको नियुक्ति दिने निर्णय गरेको थियो । त्यसपछि पनि करार नियुक्ति रोकिएन ।

२०५७ सालमा तत्कालीन उपकुलपति नवीनप्रकाश जंग शाहले अस्थायी, करार राख्नुहुँदैन सबैलाई स्थायी गर्नुपर्छ भनेर आन्तरिक प्रतिस्पर्धा गराएर स्थायी गराए । २०६५ र २०७२ सालमा फेरि करार तथा अस्थायीलाई स्थायी नियुक्ति दिइयो । सेवा आयोगले लिने परीक्षामा समेत बदमासी भयो । २०७२/७३ सालको शाखा अधिकृत सहित ६ पदमा भएको लिखित परीक्षामा ३५ थान उत्तरपुस्तिकामा नम्बर थपघट गरी आफन्तलाई उत्तीर्ण गराएको भेटिएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तत्कालीन सेवा आयोग अध्यक्ष सहित १० जनालाई विशेष अदालतमा भ्रष्टाचारको मुद्दा नै दायर गरेको थियो ।

त्यसपछि ९ फागुन २०७७ मा विज्ञापन गरेको थियो । स्वत: करार हुनुपर्ने माग राखेर आंशिक शिक्षकहरूले तालाबन्दी गरेका थिए, त्रिवि सेवा आयोगको परीक्षाको पाठ्यक्रम तथा मूल्यांकन परिमार्जन गर्ने सहमति भएपछि उनीहरू खुला प्रतिस्पर्धाका लागि सहमत भए । विवाद समाधान भएर प्राध्यापक तथा सह-प्राध्यापकको परीक्षा भएको छ, लेक्चररतर्फ परीक्षा हुनसकेको छैन ।

सेवा आयोगले दरबन्दी अनुसार शिक्षक नपठाएपछि पठनपाठन नरोकियोस् भनेर आंशिक वा करारमा राख्ने गरिएको छ । त्रिविमा हाल करिब २ हजार आंशिक शिक्षक छन् । आन्तरिक करारबारे कतै तथ्यांक छैन ।

उनीहरूलाई नियुक्त गर्ने कुनै मापदण्ड छैन । क्याम्पस प्रमुख, व्यवस्थापन समिति, कर्मचारी संगठन, प्राध्यापक संगठन, विद्यार्थी संगठनका आडमा छिर्नेहरू पनि हुन्छन् ।

सेवा आयोगको प्रतिस्पर्धा मार्फत गुणस्तरीय जनशक्तिले प्रवेश नपाउँदा कक्षाकोठा प्रभावित भइरहेको त्रिविका पूर्वउपकुलपति प्रा.डा.धर्मकान्त बास्कोटा बताउँछन् । 'करार तथा आंशिकहरूको नियुक्तिको कुनै आधार छैन' उनले अगाडि भने, 'सेवा आयोग लडेर आएकाहरू निश्चय पनि खारिएर आएका हुन्छन् । त्यस्ता जनशक्तिले कक्षाकोठामा पार्ने प्रभाव धेरै गुणस्तरीय हुन्छ ।'

आरआरका क्याम्पस प्रमुख डा. जीवनधर ज्ञवालीको अनुभवमा पनि कतिपय करार तथा आंशिक शिक्षक-कर्मचारीमा जिम्मेवारी बोध र संस्थाप्रति उत्तर दायी कम हुन्छ । जबकि सेवा आयोग मार्फत आउने सक्षम जनशक्तिले शैक्षिक गुणस्तरमा सुधार ल्याउनुका साथै विदेशी विश्वविद्यालयसित अध्ययन-अनुसन्धानमा सहकार्य गर्छन् ।

प्रतिस्पर्धी शिक्षकहरूको बाहुल्य हुँदा शिक्षक तथा विद्यार्थीमा राजनीति पनि कम हुने उनको तर्क छ । ज्ञवाली भन्छन्, 'प्राज्ञिक काममा व्यस्त हुँदा अन्य गतिविधि स्वत: कम हुन्छ । कमजोरलाई प्रतिस्पर्धी हुनुपर्ने अथवा साइड लाग्नुपर्ने दबाब सिर्जना हुन्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# 'महाजात्रा' हेरेपछि गृहमन्त्री भन्छन्, 'म विपिन कार्कीको फ्यान हुँ'

काठमाडौं/होलीको अवसर पारेर शुक्रबारबाट प्रदर्शनमा आएको फिल्म 'महाजात्रा'प्रति नेताहरुको समेत आकर्षण देखिएको छ । आइतबार रास्वपाका सभापति तथा गृहमन्त्री रवि लामिछानेले ललितपुरस्थित लबिम मलमा फिल्म हेरेका थिए । सोमबार पूर्वप्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओली पनि फिल्म हेर्ने तयारीमा छन् । प्रदर्शनकै दिन पूर्वरानी कोमल शाहले पनि फिल्म हेरेकी थिइन् ।



श्रीमती नीकिता पौडेलको साथमा फिल्म हेर्न पुगेका गृहमन्त्री लामिछानेले आफू 'जात्रा' श्रृंखलाको नियमित दर्शक भएको बताउँदै 'महाजात्रा' एकदमै रमाइलो लागेको प्रतिक्रिया दिए । उनले भने, 'म यो श्रृंखलाको नियमित दर्शक नै हुन् । यो टिमले राम्रो फिल्म बनाइरहेकाले होलीको दिन परेर फिल्म हेर्न आइहालेँ । फिल्म एकदमै मनोरञ्जनात्मक बनेको छ । मलाई फिल्म साँच्चै मनपऱ्यो ।'

गृहमन्त्री लामिछानेले विपिन कार्कीको आफू ठूलो 'फ्यान' रहेको समेत बताए । 'म विपिनजीको फ्यान भएकाले उहाँलाई 'जज' गर्न सक्दिनँ,' उनले विपिनको एउटा नाटक हेरेको स्मरण गर्दै भने, 'त्यो नाटकमा उहाँको खुटाको औंलाले समेत अभिनय गरेको थियो । उहाँ हामीले गर्व गर्ने कलाकार हुनुहुन्छ ।' फिल्मको सेकेण्ड हाफभन्दा पहिलो हाफ मनोरञ्जनात्मक रहेको उनको भनाई थियो ।

फिल्मले उठाएको राजनीतिक विषयले आफूलाई जोश र उर्जा बढाएको रविको धारणा थियो । अबको पुस्ताको राजनीतिले एउटा कालखण्ड पार गरिरहँदा राजनीतिज्ञ भ्रष्ट हुन्छन् भन्ने खालको फिल्म बनाउन नपर्ने उनले जिकिर गरे । 'हाम्रो पुस्ताको राजनीतिले एउटा कालखण्ड पार गरिरहँदा राजनीतिज्ञलाई भ्रष्ट देखाएको वा नेता भनेको भ्रष्टै हुन्छन् भन्ने फिल्म बनाउनुपर्ने छैन,' उनले भने ।

गृहमन्त्री लामिछानेले फिल्ममाथि अंकुश लगाउने काम भइहेकोप्रति पनि असन्तुष्टि व्यक्त गरे । 'सृजनात्मक क्षेत्रमा अंकुश लगाउने काम भएको मैले पनि महसुस गरेको छु । फिल्मले राष्ट्रिय सुरक्षामा असर पार्दैन र गलत सन्देश दिँदैन भने हामीले फिल्मभित्रको 'लिबर्टी'मा सहजीकरण गर्नुपर्छ,' उनले भने, 'फिल्मले समाजको चरित्र बोक्ने भएकाले मेकरहरुलाई अझ गम्भीर हुन आग्रह गर्छु ।'

**'महाजात्रा'ले तीन दिनमा नघायो ४ करोड**

प्रदर्शनको दिनदेखि नै आक्रामक व्यापारलाई निरन्तरता दिएको 'महाजात्रा'ले विकेन्ड कलेक्सनमा उच्च अंक जोडेको छ । फिल्मले तीन दिनमा ४ करोड २६ लाख कमाएको निर्माण टिमको दाबी छ । पहिलो दिन १ करोड २३ लाख कमाएको फिल्मले दोस्रो दिन १ करोड ८३ लाख कमाउँदै बक्स अफिसमा उछाल कायम गऱ्यो । यसैगरी, तेस्रो दिन फिल्मले १ करोड २० लाख कमाई गरेको छ ।

फिल्मको इनिसियल व्यापार आक्रामक हुनुमा दुईवटा पक्ष महत्वपूर्ण देखिन्छ । पहिलो, यो 'ब्रान्ड भ्यालू' भएको फिल्म हो । यसका अघिल्ला दुवै श्रृंखला सफल भएका थिए । दोस्रो, अघिल्लो श्रृंखलाभन्दा यसमा बलियो स्टारकास्ट छ । राम्रो 'वर्ड अफ माउथ' प्राप्त भएकाले आगामी दिनमा पनि फिल्मको व्यापार बलियो हुनसक्छ । फिल्मले १० करोडमाथि कमाई गर्नसक्ने प्रक्षेपण गरिएको छ ।

# प्रदीप र बेनिशापछि 'एक्लो'मा जोडिए विजय लामा

काठमाडौं/गत असारमा प्रदर्शन भएको फिल्म 'अन्तिम संस्कार' पछि निर्देशक प्रदीप शाही यतिबेला नयाँ फिल्म 'एक्लो' निर्माणको तयारीमा छन् । आगामी साउनपछि छायांकन सुरु गर्न लागिएको फिल्ममा उनले कलाकारको 'लाइनअप' बलियो बनाएका छन् । साइ-फाई जोम्बी थ्रिलर जनरामा निर्माण हुन लागेको फिल्ममा प्रदीप खड्का र बेनिशा हमालपछि अब विजय लामा अनुबन्धित भएका छन् ।



सोमबार निर्देशक शाहीले लामासँग कागजी सम्झौता गरेका हुन् । यसअघि उनीहरुले 'अन्तिम संस्कार'मा पनि सहकार्य गरेका थिए । यो फिल्ममा प्रदीपको काम गर्ने शैलीबाट लामा प्रभावित भएका थिए । विमान चालक समेत रहेका उनले वर्षमा एकाध फिल्ममा मात्र काम गर्दै आइरहेका छन् । गत फागुन ११ गते उनको विशेष भूमिका रहेको फिल्म 'गोर्खा वारियर' प्रदर्शनमा आएको थियो ।

विनोद सुवेदी खत्री 'क्षितिज' कार्यकारी निर्माता रहेको फिल्ममा प्रदीप शाही स्वयंको लेखन छ । शाई प्रोडक्सन नेपालको निर्माणमा बन्न लागेको फिल्ममा ह्याम्साएर एकाउन्टेनले सहकार्य गरेको छ । यो फिल्ममा 'मिथिकल एलिमेन्ट्स' पनि रहने निर्देशक शाहीले बताए । उनले 'अन्तिम संस्कार'भन्दा अगाडि फिचर फिल्म गोर्खा : बिनिथ द ब्रेभरी'सहित केही सर्ट फिल्म निर्देशन गरेका थिए ।

# जीवनदान पाएका सन्दीप जोरा

काठमाडौं/सोमबार आयरल्यान्ड ए लाई ६ विकेटले हराउन नेपालका मध्यक्रमका ब्याटर सन्दीप जोराले ३५ बलमा ३ चौका र २ छक्कासहित ३६ रनको महत्वपूर्ण योगदान दिए । १२२ रनको लक्ष्य नेपालले १६.१ ओभरमा ४ विकेट गुमाउँदै पूरा गऱ्यो । ओपनर आशिफ सेख १६, कप्तान रोहित पौडेल शून्य र गुल्सन झा ४ रनमा आउट भएपछि नेपाल ४.५ ओभरमा ३७-३ को अवस्थामा पुगेको थियो । पाँचौं नम्बरमा ब्याटिङमा आएका सन्दीपले ओपनर कुशल भुर्तेलसँग चौथो विकेटका लागि ५० बलमा ५४ रनको साझेदारी गर्दै जितको आधार बनाएका थिए ।

गुल्सन झा ४ रनमा क्याच आउट भएपछि मैदान छिरेका सन्दीपले ७ बल खेलेपछि मात्र रनको खाता खोलेका थिए । स्पिनर बेन ह्वाइटको आठौं ओभरको पहिलो योर्कर बलमा रन जोड्न नसक्दा उनी ११ बलमा २ रनको अवस्थामा थिए ।

लगातारको डट बलको दबाबले उनमा हडबडाहट देखिएको थियो । आठौं ओभरको दोस्रो बलमा उनले ब्याट घुमाउँदै ठूलो सट खेले, तर लङअफमा लियाम म्याकार्थीले क्याच छाडेपछि २ रनमा जीवनदान पाए । 'त्यो समयमा म आउट भएको भए हामीलाई दबाब हुन्थ्यो होला, क्याच छाड्दा भाग्यमानी भन्नुपर्छ', खेलपछि सन्दीपले भने, 'त्यसपछि पाएको अवसरलाई खेर नफालौं जस्तो लाग्यो ।'

त्यसपछि चौथो बलमा जोराले चौका हान्दै राहतको सास फेरे । ११ औं ओभरको पाँचौं बलमा म्याथ्यु हम्फ्रेजलाई स्वीचहिट सटमा सुन्दर छक्का हाने । नेपाल भ्रमणमा आएका आयरल्यान्डका सबैभन्दा ठूला नाम ग्यारेथ डेलानीलाई जोरले १३ औं ओभरको तेस्रो बलमा स्टेटमा छक्का हान्दै नेपाललाई सहज जिततर्फ अघि बढाएका थिए ।

ग्यारेथले चौथो ओभरमा आसिफ र रोहितलाई आउट गर्दै नेपाली टोलीलाई केही समस्यामा पारेका थिए । १४औं ओभरको पहिलो बलमा थोमस मेयर्सले विकेटकिपर स्टेफन डोहेनीबाट ३६ रनमै क्याच आउट गराएपछि सन्दीप अर्धशतकबाट चुके । सन्दीप आफूले राम्रो प्रदर्शन गर्न नसक्दा पनि टिमले सपोर्ट गर्दै आएको बताउँछन् । उनी भन्छन्, 'आज मैले खेल अन्त्य गर्नुपर्ने थियो । कडा मिहिनेत र अभ्यास गर्दा पनि नतिजा नआउँदा दु:ख लाग्छ । यस्तै तयारी खेलहरुबाट सिक्दै जाने हो ।' कीर्तिपुरस्थिति त्रिवि क्रिकेट मैदानलाई ब्याटिङ सहयोगी पिच मानिन्छ । तर आज आयरल्यान्डसँगको खेल सोचे भन्दा फरक भएको उनले सुनाए ।

'यसअघि जुन हिसाबले फ्याट विकेट हुन्थ्यो र रन बनेको हुन्थ्यो । तर आज अलि स्लो थियो, स्पिनरमा कुनै पेश र कुनै स्क्रिट भएको थियो । हाम्रा स्पिनरले राम्रो बलिङ गरे', सन्दीपले भने, 'कुशल भुर्तेल र दीपेन्द्रसिंह ऐरीले फिनिस गर्नु हाम्रो सकारात्मक पक्ष रह्यो ।'

खेल सकिँदा कुशल भुर्तेल ३२ बलमा ४ चौकासहित ३७ तथा दीपेन्द्रसिंह ऐरी १२ बलमा २ चौका र १ छक्कासहित २० रनमा अविजित थिए । सन्दीपले सन् २०१९ मा युएईविरुद्ध टी-२० आईमा डेब्यू खेलमा पाँचौं नम्बरमा खेल्दै ५३ रनको अविजित इनिङ खेलेका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# अष्ट्रेलियाको आवेदनमा कडाइ, १७ प्रतिशतले बढ्यो खर्च

काठमाडौं/अष्ट्रेलियाले पछिल्लो समय विद्यार्थी भिसामा आउनेहरुलाई कडाइ गरेको छ । अष्ट्रेलियाको गृह मन्त्रालयले २४ मार्च २०२४ देखि लागु हुनेगरी भिसासम्बन्धी नियममा परिवर्तन गरेको छ ।

गृह मन्त्रालयले भिसा दिँदा यसअघि आर्थिक पक्षलाई प्राथामिकता दिँदै आएकामा अब विद्यार्थीको शैक्षिक पक्षलाई प्राथामिकता दिने जनाएको छ । यसअघिको 'जेन्युन टेम्प्रोररी इन्ट्रान्ट' (जीटीई) खारेज गर्दै सरकारले 'जेन्युन स्टुडेन्ट' (जीएस) को नीति लिएको छ ।

जीएस नीति अन्तर्गत अब विद्यार्थी भिसाका निम्ति केही मापदण्डहरु तोकिएका छन् । पहिले विद्यार्थीले अष्ट्रेलिया आउनुको उद्देश्यबारे आफ्नो धारणा (एसओपी) पेश गर्नुपर्थ्यो । त्यस एसओपीको ढाँचालाई अहिले परिवर्तन गरिएको छ । अब विद्यार्थीहरुले चारवटा विषयमा आधारित प्रश्नको जवाफ दिनुपर्नेछ । एक प्रश्नको जवाफ उनीहरुले १५० शब्दमा दिइसक्नु पर्नेछ । एसओपी अब ६०० शब्दको हुनेछ । एसओपीमा विद्यार्थीहरुले पहिले आफ्नो परिवार, समुदाय, रोजगारी र आर्थिक अवस्थाबारे जानकारी दिनुपर्नेछ । दोस्रोमा, अध्ययनका लागि अष्ट्रेलिया र सम्बन्धित शैक्षिक संस्था रोज्नुको कारणबारे उल्लेख गर्नुपर्नेछ । यस्तै, उनीहरुले अष्ट्रेलियामा पढ्न र बसोबासको नीति नियम के कति बुझेका छन् भन्ने खुलाउनुपर्नेछ ।

तेस्रोमा, पढाइ सकिएपछि विद्यार्थी कसरी लाभान्वित हुनेछन् भन्ने विषयमा उल्लेख गर्नुपर्नेछ । चौथोमा, आफ्ना कथनलाई बलियो बनाउने सान्दर्भिक सूचनाहरु विद्यार्थीहरुले पेश गर्नुपर्नेछ ।

**भाषा परीक्षा**

विद्यार्थी भिसा आवेदनका लागि अंग्रेजी भाषाको न्यूनतम अंक पनि बढाइएको छ । यसअघि भाषा परीक्षा हरेक विधामा न्यूनतम ५.५ राखिएका अहिले बढाएर ६ राखिएको छ । यस्तै, अध्ययनपछिको भिसाका लागि न्यूनतम ६ रहेकामा त्यसलाई बढाएर ६.५ बनाइएको छ । यसअघि अंग्रेजी अध्ययनसमेत थप गरेर आउनेहरुले न्यूनतम अंक ४.५ राखिएकामा अब अनिवार्य ५ राखिएको छ ।

**१७ प्रतिशतले बढ्यो आर्थिक भार**

अध्ययनका लागि अष्ट्रेलिया जान चाहनेहरुले देखाउनुपर्ने रकम २१ हजार ४१ डलरबाट बढाएर २४ हजार ५०५ बनाइएको छ । यस्तै भिसा आवेदन शुल्क पनि बढाइएको छ । विद्यार्थी भिसा शुल्क ६५० डलरबाट बढाएर ७१५ डलर बनाइएको छ ।

**शैक्षिक संस्थाको लेभल अनुसार प्राथामिकता**

गृह मन्त्रालययले भिसा आवेदनको निर्णय लिँदा शैक्षिक संस्थाको लेभललाई प्राथामिकता दिन परिपत्र गरेको छ । जसअनुसार अब लेभल १ मा रहेका शैक्षिक संस्थाहरुमा आएका आवेदन प्राथामिकतामा पर्नेछन् । लेभल १ मा ८ वटा विश्वविद्यालय रहेका छन् ।

**घट्यो अध्ययनपछिको भिसा अवधि**

अष्ट्रेलिया सरकारले उच्च शिक्षा अध्ययनपछिको भिसाको अवधि पनि घटाएको छ । स्नातकोत्तर अध्ययन गरेका विद्यार्थीहरुलाई पढाइ सकेपछि ३ वर्षको भिसा दिँदै आएकामा अब दुई वर्षमा झारिएको छ । दुर्गम क्षेत्रमा जाँदा पाइने सुविधा भने हटाइएको छैन ।

**समानान्तर अध्ययन निषेध**

अष्ट्रेलिया सरकारले समानान्तर अध्ययनलाई भने निषेध गरेको छ । अब विद्यार्थीहरुले एकैपटक फरक-फरक संस्थामा अध्ययन गर्न पाउँदैनन् । विद्यार्थीहरुले मूल अध्ययनलाई त्यागेर अष्ट्रेलियामा रहनकै लागि सीपमूलक विषय पढ्नेक्रम बढेपछि त्यसलाई निरुत्साहित गर्न सरकारले समानान्तर अध्ययन निषेध गरेको हो । यस्तै एउटा विषयमा पढ्न आएर बीचमै विषय परिवर्तन गर्नपनि सरकारले निरुत्साहित गर्ने भएको छ ।

गृहमन्त्री क्लेयर ओनिलले विद्यार्थीहरुमाथि भएका शोषण निरुत्साहित गर्न र अष्ट्रेलियालाई चाहिएको जनशक्ति भित्र्याउनका लागि सरकारले यस्तो नियम ल्याएको बताएकी छिन् । अध्ययनको बहानामा अष्ट्रेलियाली श्रम बजारमा छिर्ने मानसिकता भएकाहरुलाई यसले निरुत्साहित गर्ने भएपनि वास्तविक विद्यार्थीहरुलाई यसले कुनै असर नगर्ने सरकारको जिकिर छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'डिग्री माइला' मेरो लागि दोस्रो इनिङ : ऋचा शर्मा

काठमाडौं/विवाहपछि अभिनेत्री ऋचा शर्माको दुई फिल्म प्रदर्शन भए, 'हिजो आजका कुरा' र 'चि मुसी चि' । तर, यी दुईटै फिल्म सफल हुन सकेनन् । यतिबेला 'कमेडी च्याम्पियन'को निर्णायक रहेकी उनले यस वर्ष लगातार फिल्ममा काम गरिरहेकी छन् । गत भदौदेखि फागुनसम्ममा उनले तीनवटा फिल्मको छायांकन सकाएकी छन् । जसमध्ये 'डिग्री माइला' यही चैत ३० गते प्रदर्शनमा आउँदैछ ।

यो फिल्ममा ऋचाको मुख्य भूमिका छैन । उनले विशेष भूमिकामा अभिनय गरेकी छन् । यसै हप्ता सार्वजनिक ट्रेलर हेर्दा फिल्ममा उनी शिक्षा अधिकारी वा निरीक्षकको भूमिकामा हुनसक्ने आँकलन गर्न सकिन्छ । सानो भूमिका भए पनि उनले 'डिग्री माइला'लाई आफ्नो करिअरको दोस्रो इनिङ मानेकी छन् । निर्देशक रामबाबु गुरुङसँग काम गर्ने चाहना पूरा भएकोमा पनि उनी खुसी छिन् ।

'फिल्ममा मेरो छोटोमीठो अनुभव रह्यो । राम दाईसँग काम गर्ने भित्री मनदेखि नै चाहना थियो । र, उहाँले अफर गर्ने वितिक्कै नाइँ भन्ने त सवाल नै थिएन । यो उहाँसँगको सहकार्यको सुरुवात हो,' ऋचाले आफ्नो भूमिकाबारे अगाडि भनिन्, 'मेरो भूमिका एकदमै विशेष छ । मेरै भूमिकाबाट फिल्ममा सबै कुराको सुरुवात हुन्छ । मेरो लागि बच्चा भइसकेपछिको यो दोस्रो इनिङ जस्तो लाग्छ ।'

फिल्मको मुख्य भूमिकामा रहेकी अभिनेत्री आँचल शर्मा भने रामबाबु गुरुङसँग काम गर्न पाएकोमा आफूलाई भाग्यमानी ठान्छिन् । उनी भन्छिन्, 'रामबाबु दाईसँग काम गर्ने चाहना छ भनेर मैले एक पोडकास्टमा पनि भनेकी थिएँ । उहाँसँग काम गर्न पाएकोमा आफूलाई भाग्यमानी ठान्छु । राम दाईको टिमै एउटा प्याकेज हो । मैले यो फिल्ममा काम गरेपछि टिमवर्क के हो भन्ने बुझेको हुँ ।

**के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# ६७ औं सहकारी दिवस मनाइने

साझाकुरा संवाददाता

हेटौंडा, १२ चैत/ 'सहकारीमा सुशासन:प्रविधि र एकीकरण' भन्ने नाराका साथ बागमती प्रदेश संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, प्रदेश सहकारी विकास बोर्डसँगको सहकार्य एवम् मकवानपुर जिल्ला सहकारी संघ र मकवानपुरका बिषयगत सहकारी संघहरुको समन्वयमा ६७ औं सहकारी दिवस विविध कार्यक्रम सहित भव्यरुपमा मनाइने भएको छ ।

सोमबार बागमती प्रदेशस्तरीय ६७ औं सहकारी दिवस मूल समारोह समितिको सचिवालय बैठकले बागमती प्रदेशस्तरमा सहकारी दिवस मनाउनको लागि चैत्र १४ गतेदेखि सप्ताहब्यापी विभिन्न कार्यक्रम तय गरेकोछ ।

यसअघि नै ६७ औं सहकारी दिवस मनाउन बागमती प्रदेश सहकारी विकास बोर्डका उपाध्यक्ष नारायणप्रसाद देवकोटाको संयोजकत्वमा १ हजार १ सदस्यीय मूल समारोह समिति गठन भईसकेको छ । समितिले बागमती प्रदेशभरका सहकारी संघ संस्थाले सहकारी दिवसलाई प्रभावकारी रुपले सञ्चालन गर्न निर्देशन समेत दिएको छ ।

सहकारी दिवसको अवसरमा प्रदेशको राजधानी हेटौंडामा मूल कार्यक्रम हुनेछ भने प्रदेशका सबै जिल्ला र पालिका तहमा विविध कार्यक्रमसहित सहकारी दिवस मनाइने मूल समिति संयोजक देवकोटाले बताए । मूल समितिको कार्यक्रम अन्तरगत १४ गते प्रदेशभरका सबै सहकारी संघ/संस्थाको कार्यालयमा ६७ औं सहकारी दिवसको नारा सहितको ब्यानर राख्ने, कार्यक्रम अन्तरगत १५ गते 'ऋण लगानी तथा असुलीका कानुनी प्राबधान र सरोकारवालाको भूमिका' बिषयमा सहकारी संस्थाका अध्यक्ष र ब्यवस्थापकसँग अन्तरक्रिया गर्ने, १६ गतेदेखि १९ गतेसम्म सहकारी संघसंस्थाले सहकारी दिवस लक्षित कार्यक्रम सञ्चालन गर्ने, २० गते बिहान ७ बजे हेटौंडा-१ चौकीटोलको रोपवेचौरबाट प्रभातफेरी सुरु भई रोयल प्यालेस हेटौंडामा प्रवचन, पुरस्कार तथा सम्मान वितरण गरिने र साँझ बागमती प्रदेशका सहकारी संघ संस्थाले दीपावली गरी दिवस समापन गरिने मूल समितिका कार्यालय सचिव गोबिन्द दाहालले बताए ।

सचिवालयले सप्ताहभर प्रदेशका सहकारी संस्थाले सञ्चालन गर्ने सहकारी दिवस लक्षित कार्यक्रमको जानकारी प्रदेश सहकारी विकास बोर्ड वा सहकारी दिवस मूल समारोहको सचिवालयमा उपलब्ध गराउन अनुरोध गरेको छ ।



नेपाली समाजलाई विशिष्ट पहिचान दिलाउने पर्वमध्ये फागुपूर्णिमा एक महत्वपूर्ण पर्व हो । आइतबार पहाडी तथा हिमाली एवम् सोमबार भित्रीमधेश र तराईका जिल्लामा मनाइएको होलीपर्वलाई बिजयोत्सवको रुपमा पनि लिइन्छ । हेटौंडाको स्कूलरोडमा आइतबार स्थानीय युवा होली पर्व मनाउँदै । *तस्बिर: संजीव सुनार*

# पत्रकारको होलीमिलन कार्यक्रम



साझाकुरा संवाददाता

हेटौंडा, १२ चैत/होली पर्वका अवसरमा नेपाल पत्रकार महासंघ मकवानपुर शाखा, प्रेस चौतारी मकवानपुर र नेपाल प्रेस युनियन मकवानपुरले शुभकामना आदानप्रदान गरी मनाएका छन् ।

बिहानैदेखि तीनवटा संस्थाले छुट्टाछुट्टै कार्यक्रमको आयोजना गरेर फरकफरक समयमा होली पर्ब मनाएका हुन् । सबैभन्दा सुरुमा नेपाल पत्रकार महासंघ मकवानपुर शाखा कार्यालयमा होली पर्बका अवसरमा रंग दल्दै शुभकामना आदानप्रदान गरेर होली मनाएका हुन् ।

नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतमको अध्यक्षता तथा हेटौंडा-४ का वडाअध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यतामा कार्यक्रम गरिएको हो ।

कार्यक्रममा पत्रकार महासंघका पूर्वअध्यक्षहरु राममणि दाहाल, भानुभक्त आचार्य, हरि हुमागाईं, मकवानपुरका सबैजसो संचारकर्मीको सहभागिता रहेको थियो । यसैगरी प्रेस चौतारी मकवानपुरले भैरवरोडमा रहेको कार्यालयमा शुभकामना आदानप्रदान गरेर होली मनाएको हो ।

प्रेस चौतारी मकवानपुरका उपाध्यक्ष पुस्पराज अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा प्रेसचौतारी नेपालका केन्द्रीय सदस्य तथा मकवानपुर इन्चार्ज हरि हुमागाईले सबैलाई शुभकामना व्यक्त गरे ।

कार्यक्रममा नेकपा एमाले मकवानपुरका सचिवालय सदस्य ध्रुबप्रसाद चौलागाई, नेपाल पत्रकार महासंघ बागमती प्रदेशका संस्थापक अध्यक्ष प्रताप विष्टलगायत सञ्चारकर्मीको सहभागिता थियो । यसैगरी हेटौंडाको वनस्खण्डीमा नेपाल प्रेस युनियन मकवानपुरको आयोजनामा होलीमिलन कार्यक्रम गरिएको छ ।

कार्यक्रममा सहभागी सबै पत्रकारलाई स्वागत गर्दै प्रेस युनियन मकवानपुरका अध्यक्ष सुवास विडारीले होली मिलन कार्यक्रमले पत्रकार एकआपसमा भाइचाराको सम्वन्ध कायम गर्नका लागि सहयोग पुगेको बताए ।

# नेपालीको पहिचान दिने पर्वमध्ये फागु महत्वपूर्ण: प्रदेशप्रमुख शर्मा

साझाकुरा संवाददाता

हेटौंडा, १२ चैत/ बागमती प्रदेशका प्रदेशप्रमुख यादवचन्द्र शर्माले नेपाल र नेपालीलाई विशिष्ट पहिचान दिलाउने पर्वमध्ये फागु एक महत्वपूर्ण चाड भएको बताएका छन् ।

आइतबार पहाडी तथा हिमाली एवम् सोमबार भित्री मधेस र तराईका जिल्लामा मनाएको फागुपर्वका अवसरमा शुभकामना सन्देश जारी गर्दै प्रमुख शर्माले यस्तो बताएका हुन् । हाम्रो देश बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसांस्कृतिक विविधताले भरिपूर्ण रहेको भन्दै प्रमुख शर्माले विविधतायुक्त देशमा हाम्रा चाडपर्व एवम् संस्कृतिका कारण विश्वमञ्चमा हाम्रो देश नेपाल र हामी नेपालीको विशिष्ट पहिचान बनेको सन्देशमा उल्लेख छ ।

'रङहरुको उत्सवका रुपमा मनाइने यस पर्वका सन्दर्भमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदिबहिनीमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायू एवम् उत्तरोत्तर प्रगतिका हार्दिक शुभकामना व्यक्त गर्दछु ।' प्रमुख शर्माको शुभकामना सन्देशमा भनिएको छ । आपसमा रंग दलेर प्रेम, सद्भाव एवम् सहिष्णुता अभिवृद्धि गर्दै हाम्रो राष्ट्रिय एकतालाई मजबुत बनाउन यस पर्वले योगदान पुऱ्याउने प्रमुख शर्माले विश्वास लिएका छन् ।

समाजका कुरीति तथा कुसंस्कारलाई अन्त्य गर्दै हाम्रा यस्ता मौलिक पर्वको संरक्षण र सम्बर्द्धन गर्नु आवश्यक भएको उनको भनाई छ । अनुशासित र सभ्य रुपमा होली मनाउनका लागि पनि उनले सुझाव दिएका छन् । 'हाम्रो जीवन पनि रंगहरुजस्तै रंगीन, रमणीय र उल्लासमय बनोस् ।' प्रमुख शर्माले होलीको अवसरमा कामना गरेका छन् ।

# मुख्य न्यायाधीवक्ता कार्यालयको स्थापना दिवस मनाइयो





साझाकुरा संवाददाता

हेटौंडा, १२ चैत/मुख्य न्यायाधीवक्ताको कार्यालय बागमती प्रदेशको सोमबार स्थापना दिवस मनाइएको छ । स्थापना दिवसको अवसरमा आयोजना गरिएको निबन्ध प्रतियोगिताका विजेतालाई पुरस्कार वितरण गरिएको छ ।

प्रतियोगितामा वीरेन्द्रनगर सुर्खेतका ओमप्रकाश चालिसे प्रथम भएका छन् । कर्णाली प्रदेशसभामा सहलेखापालको पदमा कार्यरत चालिसेले प्रथम भएसँगै नगद दश हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गरे । 'संघीयताको सुदृढीकरणमा मुख्य न्यायाधीवक्ताको भूमिका' विषयक निबन्ध प्रतियोगितामा सिम्रौनगढ नगरपालिका-१० बारा निवासी ऋतिक यादव द्वितीय भए । कृष्णध्वज बस्नेत तृतीय, वासुदेव नाथ र शुभेक्षा पन्त सान्त्वना भए ।

निबन्ध प्रतियोगितामा क्रमश प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान, मुख्य न्यायाधीवक्ता ज्ञानेन्द्र नेपाल, संस्थापक सूर्यचन्द्र न्यौपानेलगायतले नगद, प्रमाणपत्र सहित पुरस्कार वितरण गरे । प्रतियोगिताका लागि कार्यालयको इमेलमा कुल ६७ वटा निबन्ध प्राप्त भएको थियो । नेपालको संविधानको धारा १६० (१) मा महान्यायाधीवक्ता मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधीवक्ता रहने छ भनी परि कल्पना गरिएको छ ।

कार्यक्रममा प्रमुख अतिथि जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख घलानले संघीयताको प्रभावकारी कार्यान्वयनको निम्ति प्रदेश व्यवस्थित हुनुपर्नेमा जोड दिए । उनलेले प्रदेश बलियो भएमात्र संविधानले प्रदान गरेका अधिकार संस्थागत हुने जिकिर गरे । मुख्य न्यायाधीवक्ता नेपालले प्रदेश सरकारलाई असर गर्ने मुद्दामा आफूले सफलता प्राप्त गरेको दाबी गरे । उनले प्रदेश मातहत कारागार नहुँदा प्यारोल बोर्डले काम गर्न नसकेको बताउँदै बोर्डले काम गर्ने वातावरण बनेमा परम्परागत दण्ड प्रणालीको सट्टा सुधारात्मक प्रणाली विकास हुने धारणा व्यक्त गरे ।

# बकैयामा बस दुर्घटना



साझाकुरा संवाददाता

हेटौंडा, १२ चैत/ मकवानपुरको बकैया गाउँपालिका-११ बाघधारामा आइतबार बस भिरबाट खसेर दुर्घटना भएको छ ।

कान्तिलोकपथ सडक अन्तर्गत हेटौंडाबाट काठमाडौंतर्फ जाँदै गरेको बा ३ ख ५६५७ नम्बरको खाली बस दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

प्रहरीका अनुसार आइतबार बिहान साढे ८ बजेको समयमा भएको बस दुर्घटनामा मानवीय क्षति भएको छैन । खाली बस ओरालोमा आउने क्रममा आफै अनियन्त्रित भई सडकबाट करिब ३०० मिटर तल सिमातखोलामा खसेर दुर्घटना भएको प्रहरीले जनाएको छ ।

# निजी मेडिकल कलेजको पक्षमा चिकित्सा शिक्षा आयोगको निर्णय

काठमाडौं, १२ चैत/ चिकित्सा शिक्षा आयोगले ऐन विपरीत निजी मेडिकल कलेजहरुलाई पीसीएल नर्सिङ पढाउन दिने निर्णय गरेको छ । शुक्रबार बसेको आयोग १३ औं बैठकले नर्सिङ प्रमाणपत्र तह र स्तानक तहको अध्यापन र प्रयोगात्मक अभ्यास एउटै संस्था वा अस्पतालमा सञ्चालन गर्न दिने निर्णय गरेको हो ।

नर्सिङ विधासम्बन्धी अध्ययन कार्यदलको सुझावका आधारमा यो निर्णय गरिएको आयोगका उपाध्यक्ष डा. अञ्जनीकुमार झाले बताए । तर यो निर्णय चिकित्सा शिक्षा ऐन विपरीत देखिन्छ ।

चिकित्सा शिक्षा ऐन, २०७५ ले स्नातक तहमा अध्यापन गराउने विश्वविद्यालय र स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई चिकित्सातर्फ प्रमाणपत्र वा सोभन्दा तल्लो तहका कार्यक्रम सञ्चालनमा रोक लगाएको छ । ऐनको दफामा ४२ भनिएको छ, 'विश्वविद्यालयले कुनै पनि शिक्षण संस्थालाई चिकित्सा शिक्षातर्फ प्रमाणपत्र वा सोभन्दा तल्लो तहका कार्यक्रम सञ्चालन गर्न अनुमति दिने छैन ।'

पीसीएल सीटीईभीटी र स्नातक नर्सिङ विश्वविद्यालयको सम्बन्धनबाट पढाइ हुने शैक्षिक कार्यक्रम हुन् । चिकित्सा शिक्षा ऐन लागू हुनुअघि विश्वविद्यालय तहका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने मेडिकल कलेजहरुले पीसीएल नर्सिङ कार्यक्रम पनि सञ्चालन गर्दै आएका थिए ।

तर नयाँ संविधान जारी भएपछि कक्षा १२ सम्मलाई विद्यालय शिक्षा मानिन्छ । पीसीएल नर्सिङ पनि त्यही समानको शिक्षा भएकाले मेडिकल कलेजहरु पढाउन रोक लगाइएको थियो । चिकित्सा शिक्षा ऐनअनुसार नै १०० बेड क्षमताको आफ्नै अस्पताल नभएका कलेजलाई नर्सिङ अध्यापन रोक लगाइयो । सीटीईभीटीका अनुसार अहिले आंगिक, साझेदारी र निजी गरी ५३ वटा कलेजले पीसीएल नर्सिङ अध्यापन गराउने गरेका छन् ।

प्रत्येक कलेजमा ४० सिट तोकिएको छ । सबै कलेजमा गरेर हरेक वर्ष दुई हजार हाराहारीले पीसीएल नर्सिङ पास गर्ने गरेका छन् । तर मापदण्ड नपुगेका कलेजहरु जनशक्ति अभाव हुने भन्दै पीसीएल नर्सिङ अध्यापनको अनुमति दिन राजनीतिक लबिइङ तीव्र बनाए ।

*(स्रोत: अनलाइनखबर)*

## भूमिगत जलभण्डारको संरक्षण गरौं

- अव्यवस्थित शहरीकरण र औद्योगीकरणले जमिनमुनिको पानीको सतह घटिरहेको,
- स्वच्छ पिउने पानीको अभाव र वातावरण प्रदुषण बढेको,
- खेतियोग्य जमिनमा सिंचाई हुन नसकेको र कृषि उत्पादन घटेकोले:

**भूमिगत जलस्रोतको पुनर्भरणका लागि:**

- जलाधार क्षेत्रको संरक्षण गरौं,
- ग्रामीण भेगमा आहाल, पोखरी र तालतलैयाको निर्माण गरौं,
- शहरी क्षेत्रमा वर्षातको पानीमार्फत पुनर्भरणको विकल्प सहितका पूर्वाधार निर्माण गरौं,
- पानी पुनर्भरणमा सहयोग गर्ने प्रजातिका बोटविरुवा रोपौं,
- द्रुत जलप्रवाह हुने स्थानमा चेक ड्याम लगायतका नवीन प्रविधिको प्रयोग गरौं,
- भूमिगत पानीको पुनर्भरण कार्यलाई प्रोत्साहन गरी जल भण्डारणमा वृद्धि गरौं,
- दिगो विकासमा योगदान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हेटौंडामै उत्पादित

# सुदिन ड्राइमिट







**Ready To Eat**

## हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

## सुदिन प्याकेजिङ्ग उद्योग

हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना